GGGI

**Nepal Country Office**
Ministry of Forests and Environment, Singha Durbar, Kathmandu, Nepal

श्री	मिति: २०७९/११/२५

अध्यक्ष ज्यू,
जनक नन्दिनी गाँउपालिका
मधेश प्रदेश, धनुषा

**विषय:** तराई कृषि व्यावसाय तथा उद्यम चुनौती कोषको सूचना सम्बन्धमा

महोदय,


सर्वप्रथम Global Green Growth Institute (GGGI) द्वारा संचालन भइरहेको KOICA funded **"जलवायु मैत्री कृषि परियोजना"** मा तँपाईको निरन्तर सहयोगकोलागि धेरै धन्यवाद दिन चाहन्छु। धनुषा जिल्लाको ५ र महोत्तरी जिल्लाको ५ नगर / गाँउ पालिकाहरुसँग सम्झौता भई यस परियोजनाका गतिविधिहरु संचालन भईरहेको विधित नै छ। यसै सन्दर्भमा परियोजना अन्तर्गत तराई कृषि व्यवसाय तथा उद्यम चुनौती कोष कार्यक्रम सञ्चालनकालागि आशय पत्र जनकपुर टुडे (मिति: २०७९/११/१८ गते) तथा www.jobsnepal.com मार्फत आव्हान गरेको जानकारी गराउन चाहन्छु। उक्त सूचना त्यस नगर / गाँउ पालिका तथा मातहतका वडा कार्यालयहरुको सूचना पाटीमा टाँसगरि आवश्यक सहयोग तथा समन्वय गरिदिनुहुन विनम्र अनुरोध छ। आशय पत्रको सूचना, आशय पत्रकोलागि नमूना, र पेश गर्नुपर्ने आवश्यक कागजातहरुको विवरणपनि यसै पत्रको साथ पठाइएको कुरा अवगत गराउन चाहन्छु।

धन्यवाद।

भवदीय,

--------------------------------
पुरुसोत्तम प्रसाद गुप्ता
वरिष्ठ आयोजना समन्वय अधिकृत
ग्लोबल ग्रीन ग्रोथ ईन्स्टिच्युट

CamScanner



# कोईका-जि.जि.जि.आई जलवायु मैत्री कृषि परियोजना

## तराई कृषि व्यवसाय र उद्यम चुनौती कोष

### परियोजनाको बारेमा जानकारी

ग्लोबल ग्रीन ग्रोथ इन्स्टिच्युट (जि.जि.जि.आई) नेपालले जुन २०२२ देखि डिसेम्बर २०२५ सम्म मधेश प्रदेशको धनुषा र महोत्तरी जिल्लाका १० पालिकाहरुमा "जलवायु मैत्री कृषि कार्यक्रम मार्फत बाढी ग्रस्त क्षेत्रका कृषकहरुको क्षमता अभिवृद्धि तथा विस्थापित श्रमिकहरुको कृषिमा पुनः एकिकरण" परियोजना संचालन गरिरहेको छ ।

यस परियोजनाले जलवायु मैत्रि कृषि प्रविधिहरुको प्रयोग गरी महिला तथा फर्किएका प्रवाशी श्रमिकका जोखिम र सङ्कटासन्नता कम गर्ने खाद्य एवं रोजगारी सुरक्षामा सुधार गर्ने लक्ष्य राखेको छ । यो परियोजना कोरिया इन्टरनेशनल कोअपरेसन एजेन्सी (कोईका) को अर्थिक सहयोग र मधेस प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँगको सहकार्यमा संचालन भईरहेको छ ।

### तराई कृषि व्यवसाय र उद्यम चुनौती कोष के हो ?

तराई कृषि व्यवसाय र उद्यम चुनौती कोष कोईका-जि.जि.जि.आई जलवायु मैत्री कृषि परियोजनाको एक प्रमुख कार्यक्रम हो । यसको उद्देश्य लघु तथा साना उद्यमहरुलाई विशेषगरी कृषि मूल्य श्रृखँलामा आफ्ना उत्पादन तथा सेवाहरु परिचालन तथा बिस्तार गर्न सहयोग गर्ने हो । कृषिसगँ सम्बन्धित व्यवसायी किसानहरु, सँकलन कर्ताहरु, प्रशोधनकर्ता, मिलर, थोक तथा खुद्रा बिक्रेताहरु, कृषि सहकारी, विमा कम्पनीका साथै कृषि सूचना प्रविधि प्रवाह गर्ने निजी नाफामुलक कम्पनीहरु यस कार्यक्रमा सहभागी हुन सक्ने छन् ।

यस चुनौती कोष मार्फत ३ वर्ष ( सन् २०२३-२०२५) को अवधिमा १.५६ मिलियन अमेरिकी डलर परिचालन गरिने छ, जसमा सन् २०२३ मा $ ७२०,००० , सन् २०२४ मा $ ५१०,००० र सन् २०२५ मा $ ३२८,००० परिचालन गर्ने लक्ष्य रहेको छ । यस कार्यक्रममा युवा, महिला र वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरु, जो लघु तथा साना कृषि उद्यममा संलग्न हुनुहुन्छ, उहाँहरुलाई लक्षित गरिएको छ ।

### आधारभूत योग्यताको मापदण्ड

- नेपाल सरकारको कानुनी व्यवस्था अनुसार नाफामुखी संस्थाको रुपमा दर्ता गरिएको हुनुपर्ने र परियोजना जिल्लाहरु (धनुषा र महोत्तरी) मा व्यावसाय गरिरहेको वा गर्न इच्छुक हुनुपर्ने ।

- यो चुनौती कोष सबै योग्य उद्यमहरुको लागि खुला रहनेछ तर निम्न संस्थाहरुलाई प्राथमिकता दिइनेछ क) धनुषा र महोत्तरी जिल्लामा दर्ता भएका संस्थाहरु ख) महिला, युवा र सन् २०२० पछि वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकद्वारा सञ्चालित उद्यम वा संस्थाहरु ग) अन्य जिल्लामा दर्ता भएतापनि परियोजना संचालन भएका जिल्लाहरुमा कार्यरत वा कार्यक्षेत्र रहेका संस्थाहरु

- कृषि उत्पादन, बजारीकरण तथा प्रशोधनमा आधारित व्यवसायीहरु जस्तै कृषि आपूर्तिकर्ताहरु, किसानहरु, सङ्कलनकर्ताहरु, मिलरहरु, थोक बिक्रेताहरु कृषि सहकारीहरु, र विमा कम्पनीहरु जो तरकारी, धान, गहुँ, मकै, मसला, दुग्ध प्रशोधन, कृषि सामग्री, कृषि औजार, माहुरी, सूचना प्रविधि, बाँस, अचार, मिलर, च्याउ आदि क्षेत्रहरुमा कार्यरत छन ।

- साना उद्यमकालागि कम्तिमा दुई वर्षको अनुभव हासिल गरेको हुनुपर्ने छ तर लघु उद्यमकालागि भने अनुभव आवश्यक छैन । यसका साथै कृषि मूल्य श्रृखँलामा आधारित नयाँ व्यवसाय (लघु तथा साना उद्यमहरु) ले यस चुनौती कोषको लागि सहभागिता जनाउन सक्नेछन् ।

- ईच्छुक उद्यमहरुले स्थानीय रोजगारीका अवसरहरु अनिवार्य सिर्जना गर्नु पर्नेछ ।

नोटः दुई वा बढी ब्यक्तिहरु बीचको संयुक्त उद्यम भएको हकमा, कम्तिमा एक पक्षले माथि उल्लेखित मापदण्डहरु पुरा गर्नु पर्नेछ ।

CamScanner

## तराई कृषि व्यवसाय र उद्यम चुनौती कोषले कसरी काम गर्छ ?

यस कोषले प्रतिस्प्रधात्मक प्रक्रिया मार्फत अनुदान प्रदान गर्ने छ जँहा पूर्वनिर्धारित सूचकांङ्कका आधारमा उत्कृष्ट आवेदनहरु छनोटमा पर्नेछन र यसको लक्ष्य नयाँ प्रविधिहरु बिस्तार गर्ने, कृषि उत्पादन बढाउने, बिभिन्न ब्यवसायिक मोडलहरु सञ्चालन गर्ने र रोजगार सिर्जना गर्ने रहेको छ । यस चुनौती कोषले कृषि मूल्य श्रृखँलामा आबद्द उद्यमिहरुको व्यवसाय बिस्तारका साथै तिनीहरु बाट हुने सकारात्मक प्रभावहरु सुनिश्चित गर्न सहयोग पुर्याउने छ । इन्क्युबेशन कार्यक्रम अन्तर्गत पहिलो वर्ष ६० वटा कृषि व्यवसायहरुलाई अनुदान उपलब्ध गराइने छ र कार्य सम्पादनको आधारमा उत्कृष्ट केहीलाई दोस्रो र तेस्रो वर्षमा एक्सीलरेशन र च्याम्पियनशिप कार्यक्रम अन्तर्गत थप सहयोग प्रदान गरिनेछ ।

| कार्यक्रम वर्ष | इन्क्युबेशन २०२३ | एक्सीलरेशन २०२४ | च्याम्पियनशिप २०२५ |
|---|---|---|---|
| कृषि व्यवसाय छनोट: लघु कृषि व्यवसाय / साना कृषि व्यवसाय | ३० / ३० | २० / १५ | १० / ७ |
| चुनौती कोष (अमेरिकि डलर) | $४,००० / $२०,००० | $६,००० / $२६,००० | $९,००० / $३४,००० |
| जि.जि.जि.आईबाट प्राप्त अनुदान % / चुनिएका आवेदकको सो-लगानी % | ७० / ३० | ६० / ४० | ५० / ५० |

### लघु र साना व्यवसाय बिचको भिन्नता

| विशेषताहरू | लघु व्यवसाय | साना व्यवसाय |
|---|---|---|
| कर्मचारी सङ्ख्या | १-९ | १०-४९ |
| पुँजी | $ १८,००० भन्दा कम | $ १.२ मिलियन भन्दा कम |

**ग्लोबल ग्रीन ग्रोथ इन्स्टिच्युट (जि.जि.जि.आई) को बारेमा**

ग्लोबल ग्रीन ग्रोथ इन्स्टिच्युट (जि.जि.जि.आई) एक सन्धिमा आधारित अन्तर सरकारी संस्था हो जसको मुख्य कार्यालय कोरियाको सियोलमा छ र यस संस्थाले बलियो, समावेशी, र दिगो आर्थिक वृद्धिको प्रवर्दन प्रोत्साहन गर्दछ ।

**जि.जि.जि.आई नेपालको कार्यालय**
वन तथा भू-संरक्षण विभाग, दोस्रो भवनको दोस्रो तला
बबरमहल, काठमाण्डौँ
ईमेल ठेगाना: nepal@gggi.org

**जि.जि.जि.आई परियोजना कार्यान्वयन कार्यालय**
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
जनकपुरधाम जनकपुर, धनुषा
ईमेल ठेगाना: taecf@gggi.org

KOICA
Korea International Cooperation Agency

GGGI

CamScanner

GGGI

**जलवायु मैत्रि कृषि कार्यक्रम मार्फत बाढी प्रभावित क्षेत्रका कृषकहरुको क्षमता अभिवृद्धि तथा विस्थापित श्रमिकहरुको कृषिमा पुन:एकिकरण तराई कृषि व्यवसाय तथा उद्यम चुनौती कोष कार्यक्रम**

# तराई कृषि व्यवसाय तथा उद्यम चुनौती कोषको लागि ईच्छुक लघु तथा साना उद्यमहरुबाट परियोजना आशयपत्रको लागि सूचना

प्रथम पटक प्रकाशित मिति: १८ फाल्गुण २०७९

| PCN Ref: | PCN-CSA-01-03-23 |
|---|---|
| प्रकाशित मिति | १८ फाल्गुण २०७९ |
| परियोजना आशयपत्र पेस गर्ने अन्तिम मिति | ३१ मार्च २०२३, तदानुसार १७ चैत्र २०७९, साँझ ५:०० बजे सम्म |

## पृष्ठभूमि

Global Green Growth Institute (GGGI) ग्लोबल ग्रीनग्रोथ इन्स्टिच्युट (जि.जि.जि.आई) नेपालले जुन २०२२ देखि डिसेम्बर २०२५ सम्म मधेश प्रदेशको धनुषा र महोत्तरी जिल्लाका १० पालिकाहरुमा 'जलवायु मैत्रि कृषि कार्यक्रम मार्फत बाढी प्रभावित क्षेत्रका कृषकहरुको क्षमता अभिवृद्धि तथा विस्थापित श्रमिकहरुको कृषिमा पुन: एकिकरण' परियोजना संचालन गरिरहेको छ। कोरिया इन्टरनेशनल को अपरेसन एजेन्सी (कोईका) को आर्थिक सहयोग र मधेश प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँगको सहकार्यमा लागू भइरहेको यस परियोजनाका तीन मुख्य उद्देश्यहरू यस प्रकार छन् :

क) जीवन एवं जीविकाको संरक्षणका लागि कृषि क्षेत्रमा जलवायु जोखिम न्युनीकरणमा सुधार गर्ने।

ख) उत्थानशील कृषि योजना एवं कार्यान्वयनको सबलिकरण गर्ने।

ग) रोजगारी सिर्जना एवं दीर्घकालीन तथा उत्थानशील हरित वृद्धिकालागि जलवायु मैत्रि कृषि व्यवसायको प्रवर्द्धन तथा तिनीहरुमा लगानी गर्ने।

दीर्घकालीन तथा उत्थानशील हरित वृद्धिको लक्ष्य प्राप्तिका लागि यस परियोजनाले नयाँका साथै स्थापित कृषि उद्यमहरूलाई वित्तिय तथा प्राविधिके सहयोग उपलब्ध गरइ थप स्थानीय रोजगारी सृजना गर्नेछ । यस परियोजनाको महत्वपूर्ण अंशको रुपमा रहेको तराई कृषि उद्यम चुनौती कोषले धनुषा र महोत्तरी जिल्लाका लघु तथा साना कृषि उद्यमहरूलाई अर्थिक सहयोग गर्ने लक्ष्य राखेको छ। यस चुनौती कोषले कृषिमा आवद्ध कृषि उद्यमहरूलाई परिचालन गरी १,३४० रोजगारी सिर्जना गर्ने लक्ष्य राखेको छ।

यस आयोजनाले चुनौती कोष अन्तर्गत ३१ डीसेम्बर २०२३ सम्ममा प्रतिस्पर्धामा सफल भएका कृषि उद्यम सँग आवद्ध ३० लघु उद्यमीलाई ४ हजार अमेरिकी डलर र साना उद्यमीलाई २० हजार अमेरिकी डलर सम्म सशर्त अनुदान दिने लक्ष्य राखेको छ। GGGI ले कुल प्रस्तावित परियोजना बजेटको ७०% प्रदान गर्नेछ र ३०% चाँही उद्यमी आँफैले लगानी गर्नुपर्ने छ। तसर्थ, आवेदकहरूले लघु उद्यमका लागि १४१५ अमेरिकी डलर र साना उद्यमका लागि ८५१७ अमेरिकी डलर लागत साझेदारीको रूपमा स्व: लगानी गर्नु पर्ने छ। अनुदानको रकमलाई कृषिमा आधारित कुनै पनि व्यवसाय स्तरोन्नती वा नयाँ व्यवसायमा खर्च गर्न सक्ने छ जस्तै उत्पादनको गुणस्तर बढाउन, हरीत गृह ग्याँस कमउत्सर्जन गने प्रविधिको प्रयोग गर्न, कृषि सेवा तथा सामग्रीको कृषक सम्म पहुँच बढाउन, आपूर्ति तथा मुल्य श्रृंखला सुधार गर्न प्राविधिक सहयोगमा खर्च गर्न सकिनेछ। तराई कृषि व्यवसाय तथा उद्यम चुनौती कोष अन्तर्गत आशय पत्र पेश गर्ने इच्छुक लघु तथा साना उद्यमहरूले निम्नलिखित मापदण्डहरू पूरा गर्नु पर्नेछ।

## मापदण्डहरू

- नेपाल सरकारको कानूनी व्यवस्था अनुसार नाफामुखी संस्थाको रुपमा दर्ता गरिएको हुनुपर्ने र परियोजना संचालन रहेका जिल्लाहरु (धनुषा र महोत्तरी) मा व्यावसाय गरिरहेको वा गर्न इच्छुक हुनुपर्ने।
- यो चुनौती कोष सबै योग्य उद्यमहरूको लागि खुला रहने छ तर निम्न संस्थाहरुलाई प्राथमिकता दिइनेछ।
  १) धनुषा र महोत्तरी जिल्लामा दर्ता भएका संस्थाहरू
  २) महिला, युवा र सन् २०२० पछि वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकद्वारा सञ्चालित उद्यम वा संस्थाहरू
  ३) अन्य जिल्लामा दर्ता भएता पनि परियोजना संचालन भएका जिल्लाहरूमा कार्यरत वा कार्यक्षेत्र रहेका संस्थाहरू
- कृषि उत्पादन, बजारीकरण तथा प्रशोधनमा आधारित व्यवसायीहरु जस्तै कृषि आपूर्तिकर्ताहरू, किसानहरू, सङ्कलनकर्ताहरू, मिलरहरू, थोक बिक्रेताहरू कृषि सहकारीहरू, र विमाकम्पनी जो तरकारी, धान, गहुँ, मकै, मसला, दुग्ध प्रशोधन, कृषि सामग्री, कृषिऔजार, माहुरी , सूचना प्रविधि, बाँस, अचार, मिलर, च्याउ आदि क्षेत्रहरूमा कार्यरत छन्।
- साना उद्यमकालागि कम्तिमा दुई वर्षको अनुभव हासिल गरेको हुनुपर्ने छ तर लघु उद्यमका लागि भने अनुभव आवश्यक छैन। यसका साथै कृषि मूल्य श्रृंखलामा आधारित नयाँ व्यवसाय (लघु तथा साना उद्यमहरु) ले आशय पत्र पेश गर्न सक्नेछन्।
- ईच्छुक उद्यमहरुले स्थानीय रोजगारीका अवसरहरू अनिवार्य सिर्जना गर्नु पर्नेछ।

**नोट**: दुई वा बढी व्यक्तीहरू बीचको संयुक्त उद्यम भएको हकमा, कम्तिमा एक पक्षले माथि उल्लेखित मापदण्डहरु पुरा गर्नु पर्नेछ।

इच्छुक उद्यमहरूले taecf@gggi.org मा ३१ मार्च, २०२३ तदानुसार १७ चैत्र २०७९ साँझ ५:०० बजे अघि ईमेल गरेर (विषयमा PCN Ref समावेश गरेर) अनुरोध गरी आशयपत्रका लागि आवश्यक कागजातहरू प्राप्त गर्न सक्ने छन्।

GGGI ले यस आशयपत्र सम्बन्धी लिखित प्रश्न तथा जिज्ञासाहरूको जवाफ इमेल ठेगाना taecf@gggi.org मार्फत मात्र दिनेछ। कुनैपनि जिज्ञासा मार्च ३१, २०२३ साँझ ५ बजे तदाअनुसार १७ चैत्र २०७९ सम्म बुझाउनु अनुरोध गरिन्छ। आशय पत्र इमेल taecf@gggi.org मा विषयमा PCN-CSA-01-03-23 राखेर मार्च ३१, २०२३, तदानुसार १७ चैत्र २०७९ नेपाली समय साँझ ५:०० बजे वा अघि पेश गर्नुपर्छे छ। रित नपुगी वा समय सिमा पश्चात प्राप्त आवेदनहरु मान्य हुने छैनन्।

यस आशयपत्रको प्रकाशनले GGGI लाई अनुदान प्रदान गर्न बाध्य पार्दैन, न त यसले आवेदन तयारी वा पेश्कीसँग सम्बन्धित कुनै पनि लागतहरू उपलब्ध गराउने छ । यसबाहेक, GGGI को सर्वोत्तम हित मानिएको खण्डमा कुनै वा सबै आवेदनहरू अीस्वकार गर्ने अधिकार GGGI मा सुरक्षित रहनेछ।

CS CamScanner

## PROJECT CALL FOR CONCEPT NOTES

1. **Applicant (ownerr) details:**
- Name:
- Gender:
- Phone number:
- Email address:

2. **Name of organization:**
3. **Are you a returnee?** (Yes/No)
3. **Address of organization:**
4. **Background on the organization (Max 150 words)**
5. **Staff/Human resources details:**

| Name | Position | Gender (F/M) | Age |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

6. **Type of organization:** (Please tick mark )

| | | | |
|---|---|---|---|
| Agrovet | | ICT company in agriculture | |
| Trader (vegetable, rice, maize, lentil, wheat) | | Miller (rice, lentil) | |
| Seed companies | | Cooperative (agriculture and multipurpose) | |
| Agri-Technologies (mechanization, irrigation, bio-Pesticides) | | Importer/wholesaler | |
| Feed Company | | Collection center and market planning committee | |
| Private agriculture firm | | | |
| Others (Please specify) | | | |

7. **Annual turnover amount (recent three years turn over, if available)**

| |
|---|
| Turnover amount in 2020: |
| Turnover amount in 2021: |
| Turnover amount in 2022: |

8. **Organization registration details:**
- PAN number:
- Registration year and office:
- Type of business:

9. **Proposed project grant title:**
10. **Proposed grant performance period:** Start date: End date:
11. **Objectives of the proposed project: ( Max 3 points)**

CS CamScanner

12. **Problem statement:** A clear and concise description of the problem or need that the project aims to address (Max 200 words)

13. **Proposed main activities: (Max 8 activities)**

14. **Proposed Target Beneficiaries with numbers:** A clear identification of the specific group of people or community that the project aims to serve.

15. **Inclusion of women, disadvantaged, youth, and migrant returnee (returned in last 3 years):**

16. **Expected outcomes:** (examples: technology innovation, sales increase, reach to farmers, Climate change impacts etc.)

17. **Previous experience: (green jobs, climate-smart agriculture, grant management) (Max 200 words)**

18. **Sustainability of the activity supported by the grant fund:** (What and how will you continue the proposed activities after the completion of the grant period?) **(Max 200 words)**

19. **Implementation timeline:** A timeline that outlines the major milestones, activities, and deliverables of the project and their expected completion dates.

20. **Project location:**

| | |
|---|---|
| District Name(s) | |
| Rural/Town Municipality/Ward | |

21. **Proposed budget summary:**

| | |
|---|---|
| Grant Request Fund | NPR / USD |
| Cost Share | NPR / USD |
| Total Budget | NPR / USD (Double indication) |

By affixing my signature below, I certify that to the best of my knowledge, the information provided in this application is accurate and correct:

Submitted by (name and title):

Signature: Date:

CamScanner

| S.N. | Municipality | District |
|---|---|---|
| 1 | Mahottari Rural Municipality | Mahottari |
| 2 | Sonama Rural Municipality | |
| 3 | Bhangaha Municiapality | |
| 4 | Matihani Municipality | |
| 5 | Balwa Municipality | |
| 6 | Kamala Municipality | Dhanusha |
| 8 | Sabaila Municipality | |
| 9 | Mithila Bihari Municipality | |
| 10 | Janaknandini Rural Municipality | |
| 11 | Mukhiyapatti Musharniya Municipality | |

CamScanner

# निवेदनसँग पेश गर्नुपर्ने अवश्यक कागजातहरु

१: ब्यवसाय सगँ सम्बन्धित ब्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि

२: स्थाई लेखा नम्बरको प्रतिलिपि

३: उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपि

४: उद्योग कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

५: आवश्यक सूचना तथा तथ्याँक सहितको परियोजना आशय पत्र अग्रेजीमा (उपलब्ध गराईएको फर्म्याट अनुसार)

*नोट: परियोजना आशय पत्र अंग्रेजी भाषामा (PCN Format) फर्म्याटमा पेश गर्न अनुरोध गर्दछौ, अन्यथा चुनौति कोषको प्रक्रियामा समावेश गरीने छैन ।*

Jobs Nepal Link: https://www.jobsnepal.com/request-for-project-concept-notes-from-interested-firms-micro-and-small-enterprises-for-the-terai-agribusiness-and-enterprise-challenge-fund-127924

थप जानकारीको लागीः

GGGI ले यस आशय पत्र सम्बन्धी लिखित प्रश्न तथा जिज्ञासाहरूको जवाफ इमेल ठेगाना taecf@gggi.org मार्फत मात्र दिनेछ। कुनैपनि जिज्ञासा मार्च ३१, २०२३ साँझ ५ बजे तदाअनुसार १७ चैत्र २०७९ सम्म बुझाउनु अनुरोध गरिन्छ। आशय पत्र इमेल taecf@gggi.org मा विषयमामा PCN-CSA-01-03-23 राखेर मार्च ३१, २०२३, तदानुसार १७ चैत्र २०७९ नेपाली समय साँझ ५:०० बजे वा अघि पेश गर्नुपर्छे छ । रित नपुगी वा समय सिमा पश्चात प्राप्त आवेदनहरु मान्य हुने छैनन् ।

यस आशय पत्रको प्रकाशनले GGGI लाई अनुदान प्रदान गर्न बाध्य पार्दैन, न त यसले आवेदन तयारी वा पेश्कीसँग सम्बन्धित कुनै पनि लागतहरू उपलब्ध गराउने छ । यस बाहेक, GGGI को सर्वोत्तम हित मानिएको खण्डमा कुनै वा सबै आवेदनहरू अीस्वकार गर्ने अधिकार GGGI मा सुरक्षित रहनेछ ।

CamScanner